सिस्ने गाउँपालिका

स्थानीय राजपत्र

खण्डः९ सख्याः १ गाउँसभाबाट पारित मितिः २०८३।०३।२५

भाग-१

सिस्ने गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यावयन गर्ने वनेको ऐन,२०८३

प्रस्तावनाः

सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिस्ने गाउँ सभाले आर्थिक बिधेयक २०८३ बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम 'सिस्ने गाउँपालिकाको आर्थिक ऐन, २०८३' रहेको छ।

यो ऐन २०८३ साल श्रावण १ गतेदेखि सिस्ने गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

१. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पति (घर/जग्गा) कर लगाइने र असूल उपर गरिनेछ।

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रधित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटी,बनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख,छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिप प्लायर ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप प्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः** सिस्ने गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क,चिडियाखाना,ऐतिहासिक तथा पुरातात्विक सम्पदा,संग्रहालय जस्ता सम्पदा उपयोग गरेवापत पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **फोहोरमैला व्यवस्थापन शुल्कः** सिस्ने गाउँपालिकाका शहरी वस्तिहरुको फोहोर व्यवस्थापनका लागि अनुसूची १४ बमोजिमको फोहोरमैला शुल्क लगाइनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

अनुसूची - १

(दफा १ सँग सम्बन्धित)

सम्पती कर

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०३।०८४ का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	पक्कीघर	RCC ढलान घर (प्रति वर्गमिटर)	रु. १।-	
२	कच्ची घर	माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको	रु. ३०।-	प्लाष्टर गरेको भए रु. ४०
		माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको	रु. २५।-	प्लाष्टर गरेको भए रु. ३०
		माटो र ढुङ्गाले बनेको, खरको छाना भएको	रु. २०।-	प्लाष्टर गरेको भए रु. २५

अनुसूची - २
(दफा २ सँग सम्बन्धित)
भूमिकर (मालपोत)

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८२।०८३ का लागि स्विकृत		दर रेट	कैफियत
१	जग्गा रजिष्ट्रेशन शुल्क	४.००%			
२	विविध	खानेपानी/वत्ति/यातायात	१ र २ नं. वडा	२०	
			३, ४, ७ र ८	३०	
			५ र ६	४०	
३	जग्गा दा.खा	कूल मुल्यको		०.३%	सरकारी कार्यालयलाई निशुल्क
४	आवासीय क्षेत्र	५०० वर्ग मिटर		५०	
५	व्यवसायिक क्षेत्र	५०० वर्ग मिटर		६०	
६	औधोगिक क्षेत्र	५०० वर्ग मिटर		५०	
७	कृषि क्षेत्र	५०० वर्ग मिटर		२०	
८	मालपोत कर	अब्बल (५०० ब.मि.)		२०	
		दोय (५०० ब.मि.)		१५	
		सीम/धसी/पासी (५०० ब.मि.)		१२	
		चाहार (५०० ब.मि.)		१०	

नोटः मालपोत कर चालु आ.व. भित्र संबन्धित वडा कार्यालयमा गई बुझाईसक्नु पर्ने छ । यदि तोकिएको समयमा मालपोत कर नबुझाएमा चालु आ.व. बाहेक प्रत्येक आ.व. मा हुन आउने मालपोत करको २५% विलम्ब शुल्क लाग्ने छ ।

<u>अनुसूची- ३</u>

(दफा ३ सँग सम्बन्धित)

घर जग्गा बहाल कर (घर, भवन, हल, जग्गा, कोठा...........)

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८३।८४ का लागि स्विकृत	दर रेट	कैफियत
१	बहाल कर (भाडा)	कोठा वा घरभाडाको	१०%	
		गा.पा. को सभा हल भाडा १ दिनको	१०००।-	कर सहित
२	बहाल कर	गाउँपालिका क्षेत्र भित्रको घर, पसल, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहाल दिएकोमा सम्बन्धित घर जग्गा धनी बाट बहाल रकमको १० प्रतिशत बहाल कर लाग्ने छ।	१०%	वैदेशिक अध्ययन प्रयोजनको लागी १% बहाल कर लाग्ने छ।
क	"क" श्रेणीका अन्यमुख्य बजार क्षेत्रमा छिप्रिदह, चोकबजार, कमलदह र गाँउपालिका कार्यालय रहेका क्षेत्र वरिपरि	आवास	१०००।-	
		पसल/व्यवसाय	१२००।-	
		ठूलोघुम्ती/ढेप्री	५००।-	
		सानोघुम्ती/ढेप्री (एक सटर वा सोभन्दा सानो आकार)	३००।-	
ख	"ख" श्रेणीका अन्यमुख्य बजार क्षेत्र (नायगाड, पोखरा, मैदान, नाथीगाड, सिस्नेरी, धपे)	आवास	५०।-	
		पसल/व्यवसाय	५००।-	
		घुम्ती/ढेप्री	१००।-	
ग	अन्य	ग्यारेज	११००।-	
		घुम्ती/ढेप्री	३००।-	

<u>अनुसूची - ४</u>

(दफा ४ सँग सम्बन्धित)

व्यवसाय कर (वार्षिक)

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८३।८४ का लागि स्विकृत	दर रेट	नविकरण शुल्क
१	सबै किसिमका व्यवसाय	१० लाख सम्म पुंजी भएका व्यवसाय	१,०००/-	५००।-
		१० लाख देखि ३० लाख सम्म पुँजी भएका व्यवसाय अभिलेखिकरण	५००/-	वार्षिक
		३० लाख देखि १ करोड सम्म पुँजी भएका व्यवसाय अभिलेखिकरण	७५०/-	वार्षिक
		१ करोड भन्दा माथी पुंजी भएका व्यवसाय अभिलेखिकरण	१,०००/-	वार्षिक
२	ढुंगा तथा गिट्टी बालुवा बिक्री	प्रति क्यूविक फुट (प्रदेश कानून बमोजिम)	रु.६/-	
३	भस्कट	प्रति क्यूविक फुट (प्रदेश कानून बमोजिम)	रु.४/-	
४	दहत्तर बहत्तर	प्रति के.जी. (प्रदेश कानून बमोजिम)	रु.२/-	
५	माटो साधारण(निजी जग्गाको समेत)	प्रति घनमिटर (प्रदेश कानून बमोजिम)	रु.३/-	
६	बालुवा प्रशोधन	प्रति घनमिटर (प्रदेश कानून बमोजिम)	५०/-	
७	क्लिनिक,पोलिक्लिनिक,सामुदायिक अस्पताल	क्लिनिक	१,०००/-	वार्षिक
		पोलिक्लिनिक	१,५००/-	वार्षिक
		सामुदायिक अस्पताल	२,०००/-	वार्षिक
८	पेट्रोलियम पदार्थ	पेट्रोल पम्प (आधिकारिक बिक्रेता)	४,०००/-	वार्षिक
		पेट्रोल पम्प (साधारण बिक्रेता)	२,५००/-	वार्षिक
		ग्याँस सिलिण्डर डिलर	२,०००/-	वार्षिक
		ग्याँस सिलिण्डर सब डिलर	१,०००/-	वार्षिक
९	पार्किङ व्यवसाय		५००/-	२००।-
१०	सवारी साधन सफाई		५००/-	२००।-
११	पानी घट्ट	६ महिना भन्दा कम चल्ने	३००/-	१००।-
		६ महिना भन्दा बढी चल्ने	५००/-	२००।-
१२	खाने पानी, उपभोगको लागि मुहान दर्ता शुल्क		७,०००/-	१,५००।-
१३	उपभोक्ता समिति दर्ता शुल्क	खानेपानी/निर्माण यस्तै अन्ये	१,०००/-	४००।-

१४	समुह दर्ता	महिला/दलित/अपाङ्ग/युवा यस्तै अन्य	१,०००/-	४००।-
१५	लघु जलविद्युत दर्ता र सञ्चालन	दर्ता शुल्क	७,०००/-	१,५००।-
१६	वित्तीय क्षेत्र	नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक क वर्गका बाणिज्य बैंकहरु	६,०००/-	वार्षिक
		ख वर्गका विकास बैंक	५,०००/-	वार्षिक
		ग वर्गका विकास बैंक	४,०००/-	वार्षिक
		घ वर्गका विकास बैंक	३,०००/-	वार्षिक
		विमा कम्पनी	५,०००/-	वार्षिक
		बचत तथा ऋण सहकारी	३,०००/-	वार्षिक
१७	तालिम तथा अनुसन्धान केन्द्र	डिप्लोमा प्राविधिक शिक्षण संस्था (प्रति विधा)	५,०००/-	वार्षिक
		टेक्नीकल इन्स्टीच्युट प्रति विधा	५,०००/-	वार्षिक
		कम्प्युटर प्रशिक्षण केन्द्र	५००/-	वार्षिक
१८	निजि (संस्थागत) शैक्षिक संस्था दर्ता		१५,०००/-	६०००।-
१९	बधशाला	मासु काटेर थोकमा बिक्री गर्ने	५,०००/-	२,०००।-
२०	निर्माण व्यवसाय	"घ" वर्गको निर्माण व्यवसाय नयाँ दर्ता शुल्क	१५,०००/-	७,५००।-
		"घ" वर्गको निर्माण व्यवसाय नविकरण थप दस्तुर	आ.व. को पहिलो ३ देखि ६ महिना भित्र २५%	
२१	व्यवसायीक कृषि दर्ता(भैंसी फार्म/ कुखुरा फार्म)	नयाँ दर्ता	१,०००/-	४०० /-
२२	कवाडी पसल	नयाँ दर्ता	२५००/-	१०००/-
२३	२ वटा पसल मर्जगरेर दर्ता गर्दा	दर्ता शुल्क दुवै ब्यवसायको जम्मा राजश्वको ७५% राजश्व लिने।		
२४	खानेपानी उपभोक्ता संस्था दर्ता	प्रमाण पत्र	रु ५,०००/-	रु २,०००/-
२५	ब्यवसायीक कृषि तथा पशुपालन फर्म दर्ता	प्रमाण पत्र	रु १,०००/-	रु ४००/-
२६	कृषक समुह नविकरण	२ वर्षमा गर्ने		रु १,०००/-
२७	ब्यवसायीक नर्सरी दर्ता		रु १,०००/-	रु ४००/-
२८	टिउसन सेन्टर दर्ता		रु ५,०००/-	रु १,५००/-

नोट: व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ। यदि उक्त चालु आ.व. को पहिलो ३ महिना भित्र नविकरण शुल्क नबुझाएमा ३ महिना पश्चात नविकरण शुल्कको २५% थप विलम्ब शुल्क लाग्ने छ।

<u>अनुसूची - ५</u>

(दफा ५ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु कर

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८२।८३का लागि स्विकृत	दर रेट	कैफियत
१	जडिबुटी	कटुकी, भुत्तले,पदमचाल्नो,खुट्टे च्याउ,वन लसुन,खीरौलो, घोडाताप्रे, सतुवा, वनआलु लगायतका सबै प्रकारका जडिबुटिहरुको प्रचलित बजार मूल्यको	६.०%	
२	भिरमौरीको मह	प्रचलित बजार मुल्यको (न्युनतम)	६.०%	
३	कवाडिमाल	सिसा, कागज, प्लाष्टिक प्रति किलो	०.५%	
४	खोटो	प्रति लिटर/किलो	०.५	
५	काठ	प्रतिघन फिट	रु. ५	
६	निजि बन अन्तर्गत रुख कटानी आदेश		रु. ५००	
७	चिरानी लगत प्रमाणित		रु. २००	
८	छुट पुर्जी लगत प्रमाणित		रु. ५००	
९	कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख	कूल मूल्यको	रु. २.०%	
१०	हेम लगायत अन्य धागो निकासी	प्रति किलो	रु. २	

अनुसूचि - ६
(दफा ६ सँग सम्बन्धित)
सवारी साधन कर

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८२/०८३का लागि स्विकृत	दर रेट	कैफियत
१	मोटरसाइकल	आवत जावत एक पटक	रु. ५	
२	कार/जिप/भ्यान	आवत जावत एक पटक	रु. २०	
३	ट्र्याक्टर	आवत जावत एक पटक	रु. २५	
४	मिनि बस/मिनी ट्रक	आवत जावत एक पटक	रु. ३०	
५	बस/ट्रक	आवत जावत एक पटक	रु. ५०	
६	हेभी गाडी/ डोजर/क्रेन	आवत जावत एक पटक	रु. ५०	
७	ट्रिपर(रुकुमकोट देखि दाङसम्म)	आवत जावत एक पटक	रु. ४००००	ईन्धन र भत्ता बाहेक
८	ट्रिपर	दैनिक	रु. ९,०००/-	ईन्धन बाहेक
९	एम्बुलेन्स	रुकुमकोट देखि घट्टेखोला, धौलापहिरा, धाउने, बालुवावा खोपिचारसम्म	रु. १,०००/-	ईन्धन सहित
१०	एम्बुलेन्स	रुकुमकोट देखि सिस्नेरी, पाङ्गा, झिङ्ग्री सम्म,	रु. २,०००/-	ईन्धन सहित
११	एम्बुलेन्स	रुकुमकोट देखि अम्लाचौर	रु १,५००/-	ईन्धन सहित
११	एम्बुलेन्स	रुकुमकोट देखि मोहडाँडा, दादिङ सम्म	रु. ३,५००/-	ईन्धन सहित
१२	एम्बुलेन्स	रुकुमकोट देखि खलंगासम्म	रु. ५,०००/-	ईन्धन सहित
१३	एम्बुलेन्स	(रुकुमकोट देखि दाङसम्म मात्र)	रु. ६,०००/-	ईन्धन बाहेक
१४	एम्बुलेन्स	(रुकुमकोट देखि दाङ सम्म मात्र)	रु १५,०००/-	ईन्धन सहित
१५	एम्बुलेन्स	(रुकुमकोट देखि नेपालगञ्जसम्म मात्र)	रु. ८,०००/-	ईन्धन बाहेक
१६	एम्बुलेन्स	(रुकुमकोट देखि नेपालगंज सम्म मात्र)	रु २०,०००/-	ईन्धन सहित
१७	एम्बुलेन्स	(रुकुमकोट देखि बुटवलसम्म मात्र)	रु. ९,०००/-	ईन्धन बाहेक
१८	एम्बुलेन्स	(रुकुमकोट देखि बुटवल सम्म मात्र)	रु २५,०००/-	ईन्धन सहित
१९	एम्बुलेन्स	(रुकुमकोट देखि चितवनसम्म मात्र)	रु. १२,०००/-	ईन्धन बाहेक
२०	एम्बुलेन्स	(रुकुमकोट देखि चितवन सम्म मात्र)	रु२८,०००/-	ईन्धन सहित
२१	एम्बुलेन्स	(रुकुमकोट देखि बाग्लुङ हुँदै पोखरा सम्म)	रु. ८,०००/-	ईन्धन बाहेक
२२	एम्बुलेन्स	(रुकुमकोट देखि बाग्लुङ हुदै पोखरा सम्म)	रु १८,०००/-	ईन्धन सहित
२३	एम्बुलेन्स	(रुकुमकोट देखि काठमाडौंसम्म मात्र)	रु. १२,०००/-	ईन्धन बाहेक

२४	एम्बुलेन्स	(रुकुमकोट देखि काठमाण्डौ सम्म)	रु २८,०००/-	ईन्धन सहित
२५	एम्बुलेन्स	(रुकुमकोट देखि सुर्खेत सम्म)	रु १७,०००/-	इन्धन सहित
२६	एक्साभेटर	एक घण्टाको लागि	रु.१,८००/-	ईन्धन बाहेक

<u>अनुसूची - ७</u>

(दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०८२।८३ का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	होर्डिङबोर्ड	प्रतिवर्ग फुट	३०।-	
२	रङ्गिन विज्ञापन (फ्लेक्स)	प्रतिवर्ग फुट	२५।-	
३	अन्य पोष्टर, पम्पलेट	प्रतिवर्ग फुट	५।-	
४	डिजीटल डिस्प्ले	प्रति वर्ग फुट	५०।-	
५	पर्खाल,बार,भित्तामा कम्पनी संस्थाको रंग पोतेको	प्रति वर्ग फुट	१०।-	
६	साइन बोर्ड, होडिङ बोर्ड	प्रति वर्ग फुट	२०।-	
७	डिजीटल डिस्प्ले	माषिक (विज्ञापन अधिक्तम २ मिनेट सम्म को)	१५००।-	

<u>अनुसूची - ८</u>

(दफा ८ सँग सम्बन्धित)

मनोरञ्जन कर

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०८२।८३का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	मेला महोत्सव सरकस जादु चटके खेलकूद लगायत अन्य मनोरञ्जनात्मक	१ दिन सम्मको	२,०००।-	प्रदेश सरकारले तोके बमोजिम **(ग वर्ग)**
		३ दिन सम्मको	५,०००।-	
		५ दिन सम्म	८,०००।-	
		७ दिन सम्म	१२,०००।-	
		८ दिन देखि १५ दिन सम्मको	२०,०००।-	
		१६ दिन देखि ३० दिन सम्म	३०,०००।-	

<u>अनुसूची- ९</u>

(दफा ९ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०८२।८३ का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	मध्य पहाडी सडकसंग जोडिएको क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	३००।-	
२	रुकुमकोट धाउने जोडिएको क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	२५०।-	
३	हाइवे रुमालबारा जोडिएको क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	२००।-	
४	कमलताल टाकुरा मारीपाखा चौक बजारको सडक क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	२००।-	
५	कमलताल काजिन्दा सडक क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	२००।-	
६	वडा नं. ५ र ६ का साना बजार क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	१५०।-	
७	अन्य सबै वडाका साना बजार क्षेत्र	(वार्षिक) प्रति वर्ग मिटर	१००।-	
८	सार्वजनिक स्थलमा ढुङ्गा, माटो, इटा ,गिट्टि,बालुवा, सरीया लगायत अन्य सामाग्री थुपारे वापत	प्रति दिन	१००।-	
९	निर्माण, रेखदेख मर्मत सम्भार खर्च	अनुसूची २ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम		
१०	समाधीस्थल प्रयोग गरेबापत	१ जनाको निम्ती	५००।-	

अनुसूची - १०

(दफा १० सँग सम्बन्धित)

पार्किङ शुल्क

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०८२।८३ का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	मोटरसाइकल	एक दिन (२४ घण्टा)	१०।-	
२	कार/जिप/भ्यान	एक दिन (२४ घण्टा)	५०।-	
३	ट्र्याक्टर	एक दिन (२४ घण्टा)	५०।-	
४	मिनि बस/मिनी ट्रक	एक दिन (२४ घण्टा)	७५।-	
५	बस/ट्रक	एक दिन (२४ घण्टा)	१००।-	
६	हेभी गाडी/ डोजर/क्रेन	एक दिन (२४ घण्टा)	१००।-	

<u>अनुसूची - ११</u>

(दफा ११ सँग सम्बन्धित)

ट्रेकिङ, कोयोडि क, क्यानोनिङ, बन्जी जम्पिङ, र्‍याफ्टिङ

क्र.सं.	**सेवाका प्रकार तथा विवरण**	**आ.व २०८२।८३ का लागि स्विकृत**	**दर रेट**	**कैफियत**
१	स्वदेशी	प्रति दिन प्रति व्यक्ति	२५।-	
२	विदेशी	प्रति दिन प्रति व्यक्ति	१००।-	
नोटः विद्यार्थीहरुको लागि ७५%छुट				

अनुसूची - १२

(दफा १२ सँग सम्बन्धित)

सेवा शुल्क

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ .व २०८२।८३ का लागि स्विकृत	दर रेट	कैफियत
१	प्रमाणित शुल्क	जिवितसंग नाता प्रमाणित गर्ने	२००।-	
		मृतकसंग नाता प्रमाणित	१५०	
२		जन्म मिति प्रमाणित गर्ने, गराउने	२००।-	
३		विवाहित प्रमाणित	५००।-	
४		अविवाहित प्रमाणित गर्ने	५००।-	**विधुवाकोनि शुल्क**
५		स्थीर पूँजि प्रमाणित घर /जग्गा प्रति लाख	रु १०/-	**बिद्यार्थालाई रु ५/-**
६		घर पाताल प्रमाणित गर्ने	३००।-	
७		व्यक्तिगत विवरण प्रमाणित गर्ने	२००।-	
८		हकवाला वा हकदार प्रमाणित गर्ने	५००।-	
९		कागज र मन्जुरीनामा प्रमाणित गर्ने	२००।-	
१०		जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने	५००।-	
११		आर्थिकअवस्था कमजोर, द्धन्द पिडित वा विपन्नता प्रमाणित	० ।-	द्धन्द पिडितको हकमा
१२		संरक्षक प्रमाणित गर्ने	२००।-	
१३		आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित	५०००।-	
१४	सिफारिश शुल्क	अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने	५००।-	
१५		अपाङ्ग सिफारिस	०	
१६		नाबालक परिचयपत्र सिफारिस	२००।-	
१७		व्यक्तिगत संरक्षक सिफारिस गर्ने	०	
१८		संस्थागत संरक्षक सिफारिस गर्ने	२००।-	
१९		नागरिकता सिफारिस	२००।-	
२०		नागरिकता प्रतिलिपी सिफारिस	५००।-	
२१		वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस	५००।-	
२२		छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क)	२००।-	

२३		बहाल करको लेखाजोखा सिफारिस	५००।-	
२४		मोही लगत कट्टाको सिफारिस	५००।-	
२५		घरजग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने	५००।-	
२६		व्यापार व्यवसाय बन्दभएको सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने	२००।-	
२७		मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने	५००।-	
२८		अपाङ्गता सिफारिस	नि:शुल्क	
२९		सिप आर्जन तथा शैक्षिकअवसरकालागि आवेदन सिफारिस	नि:शुल्क	
३०		नि:शुल्क स्वास्थ्य उपचार सिफारिस	०	
३१		सशुल्क स्वास्थ्य उपचार सिफारिस	२००।-	
३२		पूर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) घरले चर्चेको	५।-	
३३		पूर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि)	३।-	
३४		चार किल्ला सिमाना कायम/प्रमाणित	५००।-	
३५		फरक-फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भने सिफारिस	२००।-	
३६		नाम,थर वा जन्ममिति संशोधनको सिफारिस	२००।-	
३७		जग्गा दर्ता सिफारिस	५००।-	
३८		जग्गा धनी पूर्जाहराएको सिफारिस	५००।-	
३९		कित्ताकाट गर्न सिफारस	२००।-	
४०		नामसारी गर्न सिफारिस	२००।-	
४१		जग्गाको हक सम्बन्धमा सिफारिस	२००।-	
४२		जीवित रहेको सिफारिस	५००।-	
४३		उद्योग ठाउँसारी गर्न सिफारिस	५००।-	
४४		विद्यालय खोल्न सिफारिस	१०००।-	
४५		विद्यालयको कक्षा कोठा थप्ने सिफारिस(प्रति कक्षा)	१०००।-	
४६		विद्यालय ठाउँसारी गर्न सिफारिस	५००।-	
४७		पालन पोषणका लागि सिफारिस	०	

४८		धारा जडानको लागि सिफारिस	१००।-	
४९		विद्युत जडानको लागि सिफारिस	१००।-	
५०		टेलिफोन जडानको लागि सिफारिस	१००।-	
५१		संस्था दर्ता सिफारिस	५००।-	
५२		स्थायी लेखा नं. सिफारिस	२००।-	
५३		परामर्श सेवा दर्ता सिफारिस	५००।-	
५४		वडा बाट योजना भुक्तानी सिफारिस	२००/-	
५५		आय स्रोत प्रमाणित प्रति लाख	५००।-	
५६	शिक्षा सम्बन्धी	कक्षा ८ को मार्कसिट प्रतिलिपी	५००।-	
५७		शिक्षक सरुवा सहमति/अनुमति(मा.वि)	१५००।-	
५८		शिक्षक सरुवा सहमति/अनुमति(आ.वि)	१०००।-	
५९	कोठा खोल्ने कार्य/रोहबरमा बस्ने		५००।-	
६०	सर्जिमिन मुचुल्का		५००।-	
६१	योजना सम्झौता सिफारिस	अनुदान बाहेक	२००।-	
		अनुदान	५००।-	
६२		सिफारिस शुल्क अनुदान बाहेक	२००।-	
		अनुदान (रु. १५,०००।- सम्म)	५००	
		अनुदान (रु. १५,०००।- भन्दा माथि)	१०००	
६३	योजना/कार्यक्रमको भुक्तानी/फरफारक	१ लाख सम्म	५००।-	जाँचपास फरफारक शुल्क
		१ लाख भन्दा माथी ५ लाख सम्म	१५००।-	जाँचपास फरफारक शुल्क
		५ लाख भन्दा माथी १० लाख सम्म	३०००।-	जाँचपास फरफारक शुल्क
		१० लाख भन्दा माथि २५ लाख सम्म	५०००।-	जाँचपास फरफारक शुल्क
		२५ लाख भन्दा माथी	७०००।-	जाँचपास फरफारक शुल्क
६४	नेपाल सरकारको नाममा बाटो कायम सिफारिश		५००।-	
६५	उद्योग दर्ता सिफारिस		५००।-	

६६	कोर्ट फि मिनाहा सिफारिस		०	
६७	मिलापत्र शुल्क		५००।-	
६८	चौपाया सम्बन्धी सिफारिस	प्रति चौपाया	२०।-	
६९	जग्गा वर्गिकरण सिफारिस		२००/-	
७०	श्रम स्वीकृति सिफारिस दस्तुर		२००/-	
७१	आदिवासी/जनजाती/दलित/विपन्न खसआर्य सिफारिस		२००/-	
७२	अंशवण्डा सिफारिस		३००/-	
७३	सामाजिक सुरक्षा भत्ता सिफारिस		२००/-	
७४	गैरआवासीय नेपाली नागरिकता सिफारिस		१०००/-	
७५	गैरआवासीय नेपाली नागरिकता प्रतिलिपी सिफारिस		२०००/-	
७६	वैवाहिक अङ्गिकृत नागरिकता प्रतिलिपी सिफारिस		१०००/-	
७७	आयात निर्यातमा चौपाय स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाय सिफारिस शुल्क	भैंसी/राँगो/ खच्चर	२००।-	
		भैंसी/राँगो (१ देखि २ वर्ष)	१००।-	
		गाई/गोरु	५०।-	
		घोडा/ खच्चर	२००।-	
		बाख्रा/भेडा/खसी/बोका/बंगुर	५०।-	
		कुखुरा/हाँस	५।-	
		कुखुरा/हाँस चल्ला	१।-	
७८	घर जग्गा नक्सा पास दस्तुर	पक्की घर (नयाँ रु.)	८ प्रति वर्ग फिट	सिस्ने गा.पा. भन्दा बाहिरको लागि २५% छुट
		पक्की घर (पुराना) अभिलेखिकरण	१० प्रति वर्ग फिट	
		घर नक्सा पास नामसारी दस्तुर	१०००।-	
		कच्ची घर अभिलेखिकरण	१५००।-	
७९	घर सम्पन्न सिफारिस	पक्की घर	१०००।-	
		कच्ची घर	५००।-	
८०	व्यक्तिगतघटना दर्ता जरिवाना शुल्क(३५ दिनभित्र नि:शुल्क बसाई सराई बाहेक)	जन्म दर्ता	२००।-	
		मृत्यु दर्ता	२००।-	
		विवाह दर्ता	२००।-	

		बसाइसराइ (जाने)	५००।-	
		बसाइसराइ (आउने)	३००।-	
		सम्बन्ध बिच्छेद	२००।-	
८१	व्यक्तिगत घटना दर्ता प्रतिलिपी (विपत्ति तथा प्रकोपबाट नष्ट भएको प्रमाणित भएमा नि:शुल्क)	जन्म, मृत्यु, विवाह, बसाइसराईर सम्बन्धबिच्छेद	५००।-	
८२	व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर	जन्म, मृत्यु, विवाह, बसाइसराईर सम्बन्धबिच्छेद	१००।-	
८३	दार काट्ने हाते मेशिन	प्रति दिन	१५०।-	
८४	शैक्षिक संस्था (संस्थागत) कक्षा थप	प्रति कक्षा संख्या	२५००।-	
८५	शैक्षिक संस्था कक्षा थप (सामुदायिक)	प्रति कक्षा संख्या	१०००।-	
८६	घुम्ती व्यवसाय	पटके शुल्क प्रतिपटक	१००००।-	
८७	झोला कुम्लाको व्यापारी	पटके शुल्क प्रतिपटक (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागु हुने)	५०००।-	
८८	समुह व्यवसायीक कृषि फर्म उपभोक्ता समिति र सवै खालको व्यवसाय	प्रमाणपत्रको प्रतिलिपी शुल्क	५००।-	
८९	व्यवसाय सूचिकृत	सेवा प्रवाह सम्बन्धी	१०००।-	
९०	बिभिन्न व्यवसायको नामसारी दस्तुर		५००।-	
९१	बिभिन्न व्यवसायहरुको ठाउँसारी दस्तुर		१०००।-	
९२	व्यवसाय शाखा विस्तार		५००।-	
९३	दरभाउपत्र फाराम दस्तुर	२० लाख सम्म	१०००।-	
९४	पारिवारिक विवरण प्रमाणित सिफारिस दस्तुर		३००।-	
९५	पशु चौपाया जरिवाना	बाख्रा/भेडा	५००।-	
		गाई/भैंसी	१०००।-	
९६	गिट्टी बालुवा चोरी निकासी दस्तुर	टयाक्टर	५,०००/-	
		टिपर	१०,०००/-	

		ब्याकुलोडर तथा अन्य भारी उपकरण	१५,०००/-	
९७	सिस्ने गाउँपालिका अन्तर्गतका पर्यटक स्थलहरुमा पिकनीक(भोज) मा आउनेहरुबाट लिने शुल्क दर	प्रति व्यक्ती (कमल दह)	२५/-	
		प्रति व्यक्ती (सहिद पार्क)	५०/-	
		पिकनीक/भोज (कमल दह,सहिद पार्क)	२,५००/-	
९८	परिक्षा शुल्क	श्रेणी विहिन वा सो सरह	३००/-	
		चौथों/पाँचौं तह	५००/-	
		छैटौं/सातौं तह	८००/-	

अनुसूची -१३

(दफा १३ सँग सम्बन्धित)

पर्यटन शुल्क

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८२।८३ का लागि स्विकृत	दर रेट	कैफियत
१	दृष्यावलोकन	स्थानीय	१०।-	
		स्वदेशी	२५।-	
		विदेशी	१००।-	
२	अध्ययन भ्रमण	स्थानीय	१०।-	
		स्वदेशी	२५।-	
		विदेशी	१००।-	

अनुसूची - १४

(दफा १५ सँग सम्बन्धित)

फोहोर मैला व्यवस्थापन शुल्क

क्र.सं.	सेवाका प्रकार तथा विवरण	आ.व २०८२।८३ का लागि स्विकृत	दर रेट	कैफियत
१	होटल (हल सहितको लज/ गेस्ट हाउस)	वार्षिक	२०००।-	
२	होटल (लज/गेस्ट हाउस)	वार्षिक	१५००/-	
३	चिया/ नास्ता पसल	वार्षिक	१०००।-	
४	हार्डवेयर पसल	वार्षिक	१०००।-	
५	फेन्सी पसल	वार्षिक	१०००।-	
६	किराना पसल सानो	वार्षिक	८००।-	
७	किराना पसल ठुलो	वार्षिक	१०००।-	
८	गल्ला पसल	वार्षिक	१०००।-	
९	घरबाट निस्कने फोहर	वार्षिक	३००।-	
१०	ईलेक्ट्रोनिक पसल	वार्षिक	८००।-	
११	पुस्तक पसल	वार्षिक	१०००।-	
१२	कस्मेटीक पसल	वार्षिक	७५०।-	
१३	मासु पसल	वार्षिक	१०००।-	
१४	छापखाना	वार्षिक	१२००।-	
१५	सैलुन	वार्षिक	८००।-	
१६	फर्निचर उद्योग	वार्षिक	८००।-	
१७	कार्यालयहरु, संघसंस्थाहरु	वार्षिक	१५००।-	
१८	ग्यारेज	वार्षिक	१३००।-	
१९	सिलाईकटाई	वार्षिक	८००।-	
२०	मेडिकल	वार्षिक	१५००।-	
२१	अस्पताल (सर्जिकल)	वार्षिक	२०००।-	
२२	पेट्रोलियमपदार्थ वितरक	वार्षिक	१०००।-	
२३	सुनचाँदी पसल	वार्षिक	८००।-	
२५	तरकारी पसल	वार्षिक	८००।-	
२६	मदिरा पसल	वार्षिक	१२००।-	
२७	मोबाईल पसल	वार्षिक	१०००।-	
२८	होम डेकोर पसल	वार्षिक	१०००।-	

२९	भाँडा पसल	वार्षिक	१०००।-	
३०	ग्रिल उद्योग	वार्षिक	१०००।-	
३१	आल्मुनियम पसल	वार्षिक	१०००।-	
३२	दुध डेरी	वार्षिक	८००।-	
३३	जुता चपल पसल	वार्षिक	१०००/-	
३४	एग्रोभेट पसल	वार्षिक	८००/-	
३५	आर्ट पसल	वार्षक	१०००।-	
३६	चटपटे पसल/ठेलागाडा व्यवसाय	वार्षिक	५००।-	
३७	अस्पताल	वार्षिक	२५००/-	